## प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई नेपालगञ्जको सोल्टी वेस्टेन्ड प्रिमियरमा १०% सम्मको छुट

ज्येष्ठ ०४, २०८०, काठमाडौं

सिद्धार्थ बैंक लिमिटेड र सोल्टी वेस्टेन्ड प्रिमियर बीच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट नेपालगञ्ज शाखा प्रमुख श्री किरण राणा मगर तथा सोल्टी वेस्टेन्ड प्रिमियरका तर्फबाट प्रबन्धक - सेल्स एण्ड मार्केटिङ श्रीमती रोजिना महर्जनले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले सोल्टी वेस्टेन्ड प्रिमियरमा सिद्धार्थ बैंकको डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग तथा क्यूआर मार्फत खाना र बेबरेजको भुक्तानी गर्दा १०% सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ । यस सुविधाले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिद्धार्थ बैंकको वेबसाइट (https://www.siddharthabank.com/discount-partner ) मा प्राप्त गर्न सकिनेछ ।